# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, वैशाख १ गते २०६० साल (अतिरिक्ताङ्क २

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट राजप्रासाद सेवा नियमावलीबमोजिम आजदेखि लागू हुने गरी राजप्रासाद सेवाका देहायका कर्मचारीहरूलाई देहायबमोजिम गरिबक्सेको छ ।

१. प्रमुख राजदरबार पदाधिकारी कार्यालयका प्रमुख राजदरबार पदाधिकारी सरदार श्री सारदाप्रसाद प्रधानलाई सोही पदमा २ (दुई) वर्षको अवधि थप ।

२. प्रमुख सचिवालयका प्रमुख सचिव मी.मु. श्री पशुपतिभक्त महर्जनलाई सोही पदमा २ (दुई) वर्षको अवधि थप ।

३. निजी सचिवालयका प्रमुख निजी सचिव श्री सुदनप्रसाद पोखरेललाई प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयका का.मु. हाकिम भई काम गर्ने गरी प्रमुख सचिव पदमा सरुवा ।

४. प्रमुख राजदरबार पदाधिकारी कार्यालयका अभियन्ता (सचिव सरह) श्री महेन्द्ररत्न बज्राचार्यलाई सोही पदमा १ (एक) वर्षको अवधि थप ।

५. संवाद सचिवालयका संवाद सचिव श्री मोहनबहादुर पाण्डेलाई निजी सचिवालयको निजी सचिव पदमा सरुवा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. प्रमुख राजदरबार पदाधिकारी कार्यालयका सचिव श्री इन्द्रप्रसाद श्रेष्ठलाई प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयको सचिव पदमा सरुवा ।

७. प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयका सचिव श्री योगेश्वर कार्कीलाई संवाद सचिवालयको संवाद सचिव पदमा सरुवा ।

८. प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयका का.मु. हाकिम उपप्रमुख राजदरबार पदाधिकारी श्री चिरनशम्शेर थापा उमेरको हदबाट अवकाश प्राप्त ।

९. कम्पट्रोलर विभागका हाकिम सचिव श्री विश्वविक्रम शाहलाई सेवाबाट अवकाश ।

हुकुम बक्सेबमोजिम,
मो.मु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।